का.जि.प्र.का.द.नं. १००/०५१/६०
१० माघ २०८२
शनिबार
24 January 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २४, अंक २। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मैदानमा भावी प्रधानमन्त्री

संसदीय राजनीतिमा निर्वाचनपूर्व नै भावी प्रधानमन्त्री घोषणा गरेर जाने परम्परा कम छ। तर यसपटक दलहरूले नागरिकमाझ लोकप्रिय नेताहरूलाई निर्वाचनपछि बन्ने सरकारको प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा जाने अभियान नै चलाएका छन्।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ माघ

नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा समूह भावी प्रधानमन्त्री तोकेर जान राजी भएका भए कांग्रेसको राजनीति अहिलेको मोडसम्म नआउन पनि सक्थ्यो। विशेष महाधिवेशन पक्षधरले भृकुटीमण्डपबाट देउवालाई भावी प्रधानमन्त्री तोक्न र देउवा चुनावमा नउठ्न दबाब दिइरहेको थियो। अन्तिम बिन्दुमा यही प्रस्ताव अस्वीकार गर्दा न देउवा सभापति रहे न त चुनावमै गए। बरु गगन थापाका लागि भावी प्रधानमन्त्रीको बाटो खुल्यो।

विशेष महाधिवेशनबाट निर्वाचित भई शुक्रबार पद बहालीका लागि पार्टी मुख्यालय सानेपा जाँदा नै कार्यकर्ताले सभापति थापालाई 'अबकी बार गगन सरकार' भन्दै स्वागत गरेका थिए। पदबहालीसँगै कांग्रेसले सभापति थापालाई भावी प्रधानमन्त्रीका रूपमा अघि सार्दै २१ फागुनको चुनावमा जाने निर्णय गरेको छ।

संसदीय राजनीतिमा निर्वाचनपूर्व नै भावी प्रधानमन्त्री घोषणा गरेर जाने परम्परा कमै छ। तर ६० को दशकमा नेपाली राजनीतिमा सुरु भएको अभ्यास ७० को दशकमा खासै चर्चामा भएन। २०७४ को आमचुनावमा एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई भावी प्रधानमन्त्री घोषणा गरेर मैदानमा उत्रिएको थियो। यसपटक भने मुख्य प्रतिस्पर्धी ठानिएका दलहरूले शीर्ष नेतालाई भावी प्रधानमन्त्री घोषणा गर्दै चुनावमा उत्रिएका >>> पृष्ठ २ मा



## तोडियो गठबन्धन

# १२ वर्षपछि एक्लाएक्लै चुनावमा दलहरू

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ माघ

चुनाव अगाडि नै दलबीच गठबन्धन गर्ने अभ्यास तोडिएको छ। प्रमुख दलहरूले चुनाव अगाडि गठबन्धन गर्ने र चुनाव पछाडि चुनाव अगाडिको गठबन्धन भत्काएर सरकार बनाउने अभ्यास विकास हुँदै आएको थियो। यस्तो संस्कृतिकै धज्जी उडाएको टिप्पणी भइरहेका बेला आगामी निर्वाचनमा दलहरू एक्लाएक्लै चुनावी मैदानमा देखिने भएका हुन्।

निर्वाचन आयोगको निर्वाचन तालिकाअनुसार शुक्रबार उम्मेदवारी फिर्ता लिने समयसमेत सकिएको छ। यससँगै अब दलबीच उम्मेदवार फिर्ता गराएर भए पनि गठबन्धन गर्न सक्ने सम्भावनालाई अन्त्य गरिदिएको छ। अर्थात् १२ वर्षपछि दलहरू एक्लाएक्लै निर्वाचनमा होमिएका छन्।

२०६४ सालको चुनावमा दलहरू एक्लाएक्लै चुनावी मैदानमा थिए। २०७० सालमा भएको दोस्रो संविधान सभाको निर्वाचनबाट गठबन्धन संस्कृति सुरु भयो। त्यसबेला केही राजनीतिक दलहरूले अघोषित रूपमा केही निर्वाचन क्षेत्रमा चुनावी गठबन्धन गरेका थिए। प्रमुख दलबीच नै गठबन्धन गर्ने अभ्यास भने २०७४ सालबाट सुरु >>> पृष्ठ २ मा



प्रधानमन्त्रीको कुर्सी ताकेर गर्ने गठबन्धन गर्ने कुरा खारेज भएका छन्। सरकार बनाउन चाहिने बहुमत पुगेन भने आवश्यक गणितका लागि चुनावपछि संवाद गरौंला।

● **विश्वप्रकाश शर्मा**
**उपसभापति**
**नेपाली कांग्रेस**



## असहायलाई सहयोग

*मध्यान्ह राष्ट्रिय दैनिकको २४औं वार्षिकोत्सवको अवसरमा तारकेश्वरस्थित नवजीवन परोपकार समाजमा रहेका असहाय तथा जेष्ठ नागरिकका लागि खाना, न्यानो कपडा र आर्थिक सहयोग हस्तान्तरण गर्दै प्रकाशक सीतादेवी श्रेष्ठ र प्रधान सम्पादक मदनकुमार श्रेष्ठ। तस्बिर : अस्मिता बम/मध्यान्ह।*

>>> विस्तृत पृष्ठ ८ मा

**वैदेशिक रोजगार विशेष**

# व्यक्तिगत श्रम स्वीकृतिमा जापान आउने कामदारको चर्को ठगी र गम्भीर शोषण : दूतावास

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ

जापानस्थित नेपाली दूतावासले व्यक्तिगत श्रम स्वीकृतिमा जापान आउने नेपाली कामदार चर्को ठगी र गम्भीर शोषणमा परेको बताएको छ। वैदेशिक रोजगार विभागले एक सूचना जारी गर्दै जापानस्थित नेपाली दूतावासबाट जापानमा ब्याचलर, कुक तथा सीपयुक्त कामदार लगायतका भिसामा व्यक्तिगत श्रम स्वीकृति लिई जाने व्यक्तिहरू अत्यधिक मात्रामा ठगीमा पर्ने, चर्को शुल्क तिर्ने, भने अनुसार काम र तलब नपाउने गरेको भनी जानकारी प्राप्त भएको बताएको छ।

वैदेशिक रोजगारी ठगीमा संलग्नलाई कारबाही तथा जापानको व्यक्तिगत श्रम स्वीकृतिलाई व्यवस्थित बनाउने विषयमा पत्राचार भइरहेको नेपाली दूतावासलाई उद्धृत गर्दै विभागले व्यक्तिगत श्रम स्वीकृति >>> पृष्ठ २ मा

### युएईका लागि काउन्सेलरको आवेदन खुल्यो

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले युएईस्थित नेपाली दूतावासमा रिक्त रहेको काउन्सेलर श्रमका लागि आवेदन खुला गरेको छ। युएईमा कार्यरत काउन्सेलर श्रम दीपेन्द्र पौडेल अनियमितताको आरोपमा फिर्ता भएपछि आवेदन माग गरिएको मन्त्रालयले जनाएको छ।

काउन्सेलर श्रम पदमा नियुक्तिका लागि मन्त्रालय र मन्त्रालय मातहत निकायमा कार्यरत योग्य उपसचिवहरूले आवेदन दिन पाउनेछन्। >>> पृष्ठ २ मा

कामना सेवा
विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

विशिष्ट बचत खाता
नेपालको पहिलो DOORSTEP BANKING*

Key Features:
- Deposits/Withdrawals
- Fixed Deposit Slip Delivery
- Cheque Book Delivery
- Balance Certificate Delivery
- Statement Delivery
- ATM Card Request & Delivery

Free:
- Debit Card
- Locker Facility
- Mobile Banking Services
- Demat & Meroshare services

*Doorstep banking service is currently available within the Kathmandu valley
'प्रगतिको आधार, कामना सेवा सँग कारोबार'

मध्यान्ह
www.madhyanhadaily.com



# मैदानमै रहे बागी उम्मेदवार

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ९ माघ

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता कुलप्रसाद केसीले दाङ क्षेत्र नम्बर १ बाट दिएको बागी उमेम्दवारी कायमै राखेका छन् । निर्वाचन तालिकाअनुसार शुक्रबार उमेदवारी फिर्ता लिने दिन थियो । लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री समेत रहेका केसीले आफ्नो उम्मेदवारी कायमै राखेको बताएका छन् ।

उनको उम्मेदवारी फिर्ता गराउन नेता वर्षमान पुन दाङ पुगेरै छलफल गरेका थिए । तर केसीले उम्मेदवारी फिर्ता लिन मानेनन् । नेकपाबाट सो क्षेत्रमा मेटमणि चौधरीलाई आधिकारिक उम्मेदवारी दिइएको छ ।

पार्टीले चौधरीलाई टिकट दिएपछि उनी असन्तुष्ट थिए । त्यही झोंकमा उनले स्वतन्त्र उम्मेदवारी दिएका थिए । त्यसो त उनले टिकट नपाए स्वतन्त्र उठ्ने जानकारी पहिल्यै नेतृत्वलाई गराइसकेका थिए । चौधरी निर्वाचन क्षेत्र नम्बर १ का थारु बाहुल्य क्षेत्रका बासिन्दा हुन् । उनी २०७९ को चुनावमा सोही क्षेत्रबाट विजयी भएका थिए । केसी भने २०७४ मा रोल्पाबाट प्रदेश सभा सदस्य निर्वाचित भएका थिए । उम्मेदवारी दर्तापछि केसीले देउखुरीमा प्रदेश राजधानी



स्थापना गरेर इतिहास रचेको र अब समग्र विकासमा साझा नेतृत्वका रूपमा आफूले योगदान गर्न चाहेको बताएका छन् । २०७९ मा पनि टिकट नपाएका उनले पार्टी निर्णयविपरीत उम्मेदवारी दिएका हुन् ।

त्यस्तै, सिन्धुली २ मा नेकपाबाट बागी उम्मेदवारी दिएका महेश्वर दाहालले पनि फिर्ता लिएनन् । पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधव नेपालले दाहालसँगै हरिबोल गजुरेललाई बागी उम्मेदवारी फिर्ता गराउन लिखित निर्देशन दिए पनि अस्वीकार गरेका हुन् । सिन्धुली



२ मा नेकपाका उम्मेदवार लेखनाथ दाहाल (राजन)को उम्मेदवारीविरुद्ध नेकपाकै अर्का नेता महेश्वर दाहाललाई गजुरेलले बागी उम्मेदवार खडा गरेका हुन् । बागी उम्मेदवारी दिएका महेश्वरको प्रस्तावक गजुरेल आफैं छन् । गजुरेल हाल नेकपाको कोसी प्रदेशको इन्चार्ज छन् । २०७४ को निर्वाचनमा सो क्षेत्रबाट गजुरेल निर्वाचित भएका थिए । आफू निर्वाचित हुँदै आएको क्षेत्रमा राजन दाहाल उम्मेदवार बनेपछि गजुरेल रुष्ट छन् ।

त्यस्तै, महोत्तरीका क्षेत्र नम्बर १ र क्षेत्र नम्बर ३ मा पनि बागी उम्मेदवारी परेको छ । क्षेत्र नम्बर १ मा रास्वपाबाट उम्मेदवारीको चर्चा चलेका विजय पोखरेल अन्तिम समयमा आएर टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका छन् । पार्टीले क्षेत्र नम्बर १ मा प्रमोदकुमार महतोलाई उम्मेदवार बनाएको छ ।

त्यस्तै, क्षेत्र नम्बर ३ मा बागी भएर दुई जनाले स्वतन्त्र रूपमा उम्मेदवारी दर्ता गराएका छन् । मुख्य उम्मेदवारका रूपमा रहेका तथा पार्टीले प्रत्यक्षतर्फ सिफारिससमेत गरेका पूर्वकृषिमन्त्री हरिनारायण यादवले स्वतन्त्र रूपमा उम्मेदवारी दर्ता गराएका हुन् । जसपा र लोसपाको मिलनपछि बनेको जसपा पार्टीले यस क्षेत्रमा महन्थ ठाकुरकी पुत्री मिनाक्षीलाई उम्मेदवार बनाएपछि हरिनारायण यादवले पार्टीबाट राजीनामा गरी स्वतन्त्र रूपमा उम्मेदवारी दिएका छन् ।

दलहरूले बिना एजेन्डा, बिनायोग्यता र बिनालगानी उम्मेदवारी छानेकाले बागी उमेदवार दिने गरेको राजनीति विश्लेषक विष्णु दाहाल बताउँछन् । 'अन्य देशहरूमा निर्वाचनमा उमेदवार बन्नका लागि एजेन्डा चाहिन्छ,' उनले भने, 'नेपालमा त्यो हुँदैन, व्यापारजस्तै भइसक्यो ।' बागी उमेदवार उठ्दा कही न कही त पार्टीलाई प्रभाव पर्ने उनी बताउँछन् ।

## मैदानमा...

छन् । कांग्रेसले थापा, एमालेले ओली र रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको छ । ओली र शाह एउटै निर्वाचन क्षेत्र झापा-५ बाट चुनाव लड्दै छन् । त्यसैले यी दुईमध्ये एकको प्रधानमन्त्री हुने सपना २१ फागुनमै तुहिनेछ । निर्णय गरेरै भावी प्रधानमन्त्री नभनिए पनि त्यो दौडमा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डसमेत देखिन्छन् । एउटै दलको बहुमत नआउने परिस्थितिमा आफू पुनः देशको प्रधानमन्त्री बन्न सक्ने विश्लेषणमा उनी छन् । भर्खर खुलेको श्रम संस्कृतिले हर्क साम्पाङलाई भावी प्रधानमन्त्री भनेको छ भने उज्यालो नेपाल पार्टीले कुलमान घिसिङलाई अबको प्रधानमन्त्री देखेको छ ।

नेपाली राजनीतिमा भावी प्रधानमन्त्री घोषणा गरेर चुनावमा जाने अभ्यास २०५६ को आमचुनावबाट सुरु भएको हो । २०४८ को आमचुनावमा कांग्रेसले बहुमत जिते पनि आपसी कलहले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरेर मध्यावधि निर्वाचन गराए । २०५१ को निर्वाचनपछि एमाले संसद्को सबैभन्दा ठुलो दल बने पनि बहुमत पुऱ्याउन सकेन । त्रिशंकु संसद्ले थुप्रै संसदीय विकृति निम्त्यायो । कांग्रेसबीचको आन्तरिक विवाद मिलाउन कोइरालाले नेता कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्री घोषणा गरेर चुनावमा जाने निर्णय लिए । एमालेले पनि पार्टी अध्यक्ष मनमोहन अधिकारीलाई भावी प्रधानमन्त्रीको घोषणा गरेर चुनावमा होमियो । तर चुनावी प्रचार सभामै बेहोस भएर ढलेका अधिकारीको १३ वैशाख २०५६ मा मृत्यु भयो । त्यसपछि दुई दशकपछि २०७४ मा मात्र एमालेले ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको हो ।

काठमाडौंमा निरन्तर चुनाव हारेका भट्टराई पर्सा गएर चुनाव जितेर प्रधानमन्त्री त बने तर उनको सरकार कोइरालाले १० महिनामै ढाले । त्यसपछि भावी प्रधानमन्त्रीप्रति कांग्रेसमा खासै मोह देखिएको थिएन । पछिल्लो जेनजी आन्दोलनपछि पुराना अनुहारप्रति नयाँ पुस्ताले आक्रोश पोखे । देउवा स्वयं अराजक समूहबाट अमानवीय कुटपिटमा परे । त्यो आक्रोशलाई देखाएर गगन-विश्व समूह नेतृत्व परिवर्तनको पक्षमा अडान लिएको थियो ।

शुक्रबार बसेको केन्द्रीय समिति बैठकले सभापति थापालाई प्रधानमन्त्रीका रूपमा अघि सार्ने निर्णय गरेको उपसभापति विश्वप्रकाश शर्माले बताए । जेनजी विद्रोहको परिवर्तनको सम्बोधन गर्न अन्य पार्टीले अघि सारेको प्रधानमन्त्रीको उम्मेदवारभन्दा योग्यता, क्षमता, भिजन र आधारमा सभापति थापालाई कांग्रेसले भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको शर्माको दाबी छ ।

भावी प्रधानमन्त्रीका रूपमा अघि सारिएका सभापति थापा सर्लाही-४ बाट प्रतिनिधि सभा सदस्यको निर्वाचन लड्दै छन् । विगतका तीनवटा निर्वाचनमा काठमाडौं-४ बाट निरन्तर जितेका थापाले यसपटक निर्वाचन क्षेत्र परिवर्तन गरेर तराई झरेका हुन् । सभापतिको कुर्सीमा बसेपछि थापाले पहिलोपटक पार्टीको आधिकारिक लेटरप्याडमा लेखेका छन्, 'बदल्यौं कांग्रेस, बदल्छौं देश ।'

पार्टीको दोस्रो विशेष महाधिवेशनबाट सभापति बनेका थापाले यसअघि नै 'मिसन पिएम'को अभियान चलाएका थिए । २०७९ को निर्वाचनपछि उनी पार्टी सभापति शेरबहादुर देउवासँग संसदीय दलमा चुनाव लडेका थिए । संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालासमेतको सहयोगमा देउवासँग प्रतिस्पर्धा गरेका थापालाई ८८ मध्ये २५ जना संसदले मत दिएका थिए ।

ओली भर्सेस बालेन

सबैभन्दा पहिले राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्री घोषणा गरेको हो । २०७९ को स्थानीय तह निर्वाचनमा स्वतन्त्र उठेर काठमाडौं महानगरका मेयर जितेका बालेन शाह आफू प्रधानमन्त्री उम्मेदवार बन्ने सर्तमा रास्वपा प्रवेश गरेका हुन् । पार्टी सभापति रवि लामिछाने भए पनि बालेनलाई पार्टीमा ल्याएर मत बढाउने योजनासहित पार्टी प्रवेश नहुँदै भावी प्रधानमन्त्री घोषणा गरिएको थियो ।

काठमाडौं महानगर पालिकाका मेयर शाह आफ्नो कार्यकाल नसकी जनताप्रति पाँच वर्ष काम गर्ने प्रतिबद्धताविपरीत प्रतिनिधि सभाको निर्वाचनमा लागेको भन्दै टिप्पणी भइरहेको छ । ओली र बालेनको प्रतिस्पर्धाले झापा ५ को चुनाव रोचक बनेको छ । ओलीको परम्परागत निर्वाचन क्षेत्रमै गएर चुनौती दिएका बालेनप्रति वैकल्पिक राजनीतिक शक्तिको भरोसा देखिन्छ । आफूलाई नै निशाना बनाइएपछि पूर्वप्रधानमन्त्री ओली चुनाव जित्न अनेक उपाय निकाल्दै छन् । अघिल्ला चुनावहरूमा आफ्नो गृह जिल्लामा ढुक्क हुने ओली यसपटक भने ढुक्क देखिँदैनन् । त्यसैले घरदैलो र वडा भेलामा व्यस्त छन् । सामाजिक सञ्जालमा बालेनप्रति आकर्षण देखिए पनि नागरिकस्तरमा उनको प्रभाव अहिल्यै आंकलन गर्न भने मुस्किल छ ।

तर पुराना नेताप्रतिको वितृष्णा र अविश्वासका कारण उनी निर्वाचित हुने सम्भावना नकार्न नसकिने राजनीतिक विश्लेषक बताउँछन् । ओलीको स्थायी निर्वाचन क्षेत्रमा बालेको सशक्त इन्ट्रीले झापा-५ लाई चुनावको इपिसेन्टर बनाइदिएको छ । तराई मूलको एउटा नेता प्रधानमन्त्री बन्ने योजना लिएर मधेसमा जाँदा समानुपातिक मतसमेत बढ्नेमा रास्वपा नेताहरू ढुक्क छन् । अनेक विवाद र सहकारी ठगीका मुद्दामा अल्झिएका लामिछानेले रास्वपालाई चुनाव जिताउन बालेन कार्डको भरपुर प्रयोग गरेका छन् ।

ओलीलाई एमालेले २०७४ यताका सबै निर्वाचनमा भावी प्रधानमन्त्रीका रूपमा अघि सार्दै आएको छ । २०७४ को चुनावमा एमाले-माओवादी केन्द्र गठबन्धन बन्दासमेत उनलाई नै अघि सारिएको थियो । २०७९ मा कांग्रेस-माओवादी केन्द्रसहित पाँच दलीय गठबन्धन बनेका बेला पनि एमालेले ओलीको विकल्प खोजेन । अहिले २३-२४ भदौको जेनजी आन्दोलनताका प्रधानमन्त्री रहेका ओली तत्कालीन सरकारको दमनले असन्तुष्ट जनमतबीच भोट माग्न जाँदै छन् । यसबीचमा उनको विकल्प खोज्ने प्रयत्न नभएको होइन । तर अर्ली महाधिवेशनबाट पनि उनी नै अनुमोदित भए । अन्ततः तीनपटक प्रधानमन्त्री भइसकेका ओलीलाई नै अघि सारेर एमाले चुनावमा गएको छ ।

उता नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' रुकुमपूर्वबाट मनोनयन दर्ता गरेका छन् । उनले मतदातामाझ भनेका छन्, 'म जहाँ गयो, त्यही हेडक्वार्टर हुन्छ ।' प्रचण्डको यो अभिव्यक्तिले आफू निर्वाचनपछि प्रधानमन्त्री बन्ने र रुकुमलाई सरकारको केन्द्रमा राख्ने संकेत गरेको छ । हरेक निर्वाचनमा क्षेत्र परिवर्तन गर्दै निर्वाचित हुँदै आएका दाहाल यसपटक पनि चुनाव जित्नेमा ढुक्क छन् । संसदीय राजनीतिका माहिर खेलाडी दाहाल निर्वाचनपछि संसदमा दलहरूको अवस्था कस्तो रहन्छ ? त्यहीअनुसार रणनीति बनाएर प्रधानमन्त्रीको कुर्सीमा पुग्ने योजनामा छन् ।

हर्क-कुलमानलाई पनि आश

श्रम संस्कृति पार्टी दर्ता गरेर प्रतिनिधि सभाको निर्वाचनमा पहिलोपटक भाग लिएका धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ आफैंले भावी प्रधानमन्त्री घोषणा गरेका छन् । जनतामाझ पाँच वर्षका लागि स्थानीय सरकार प्रमुख भएरै सेवा गर्ने प्रतिबद्धता तोडेका उनले पाँच वर्ष संघीय सरकार चलाउनेगरी मत मागिरहेका छन् । कोशी प्रदेशमा आफ्नो दलको पहिचान बनाए पनि उनको देशव्यापी नेटवर्क देखिँदैन । उनको भावी प्रधानमन्त्रीको दाबीलाई आमरूपमा खासै महत्व नदिइए पनि पूर्वी क्षेत्रमा उनको प्रभाव देखिन्छ । भावी प्रधानमन्त्री घोषणा गरेर जाने नेताहरूमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन र उज्यालो नेपाल पार्टीका नेता कुलमान घिसिङसमेत छन् । उनीहरूलाई पनि पार्टीको सिट बढाउने चुनौती त्यत्तिकै छ । तर नेताहरूले सस्तो लोकप्रियताका लागि जसले पनि प्रधानमन्त्रीको दाबी गर्दैमा नागरिकले पत्याएर भोट हाल्ने अवस्था नरहेको विश्लेषक कुलचन्द्र वाग्लेको दाबी छ ।

एक्लाएक्लै चुनावमा जाँदा दलहरूले आ-आफ्ना दलका नेतृत्वलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेका छन् । कांग्रेसले सभापति गगन थापालाई नै भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारेको छ । एमालेले अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले बालेन शाहलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको छ ।

२७५ सदस्यीय प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत १ सय १० जना र प्रत्यक्षतर्फबाट १ सय ६५ जना निर्वाचित हुन्छन् । सरकार बनाउन १ सय ३८ जना सांसद संख्या आवश्यक पर्छ । यदि निर्वाचनमार्फत एउटै दलको सांसद संख्या १ सय ३८ नभए वा नपुगे दुई वा दुईभन्दा बढी दलबीच बल्ल गठबन्धन गर्ने गरी छलफल हुन सक्छ ।

## तोडियो...

भएको हो । २०७४ सालको को स्थानीय चुनावमा एमालेविरुद्ध कांग्रेस र माओवादीले गठबन्धन गरे । कम्युनिस्ट र कांग्रेसले साझा उम्मेदवार उठाए । २०७४ मै उक्त गठबन्धन भत्कियो । २०७४ मंसिरमा भएको प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमा कांग्रेसविरुद्ध एमाले र माओवादीले गठबन्धन गरे । वामशक्तिविरुद्ध लड्न कांग्रेसले पनि राप्रपासहितका साना शक्ति समेटेर गठबन्धन बनायो । मधेश प्रदेशमा उपेन्द्र यादव र महन्थ ठाकुर नेतृत्वका दलहरूले गठबन्धन गरे ।

चुनाव अगाडिको गठबन्धन चुनाव पछाडि लामो समय टिकेन । एमालेलाई सरकारबाट हटाएर कांग्रेस र माओवादीसहितका दलले सरकार बनाए । २०७९ को चुनावमा कांग्रेस र माओवादीसहितका पाँच दल गठबन्धनमा रहे । एमालेले राप्रपालगायतसँग मिलेर गठबन्धन बनायो ।

२०७९ को चुनाव अगाडिको गठबन्धन पनि चुनाव पछाडि भत्कियो । माओवादीले एमालेसँग मिलेर सरकार बनायो । यसरी छोटो समयमै गठबन्धन बन्ने र भत्किने प्रवृतिले गठबन्धन संस्कार बद्नाम र विकृत बन्न पुग्यो । जसविरुद्ध समाजमा प्रश्नहरू थिए ।

जेनजी आन्दोलन अगाडि त विघटित प्रतिनिधि सभाका पहिलो र दोस्रो दल कांग्रेस र एमालेले नै सरकार बनाए । यी दुई दल चुनावमा पनि गठबन्धन गर्ने प्रयासमा थिए । कांग्रेसभित्र नेतृत्व परिवर्तन हुँदा कांग्रेस र एमालेको चुनावी गठबन्धन गर्ने तत्कालीन कांग्रेस सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीको चाहना सफल हुन सकेन । परिणाममा १२ वर्षपछि दलहरू एक्लाएक्लै चुनावमा होमिने वातावरण बनेको हो ।

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मा निर्वाचनमा एक्लाएक्लै चुनावमा लडौं भन्ने विषयलाई लामो समयदखि उठाउँदै आएको सम्झिन्छन् ।

'प्रधानमन्त्रीको कुर्सी ताकेर गर्ने गठबन्धन गर्ने कुरा खारेज भएका छन्' उनी सामाजिक सञ्जालमा लेख्छन्, 'सरकार बनाउन चाहिने बहुमत पुगेन भने आवश्यक गणितका लागि चुनावपछि संवाद गरौंला ।'

## व्यक्तिगत...

लिई जापान जाने व्यक्तिहरूलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नभएका विभिन्न कन्सल्टेन्सी, संस्था तथा व्यक्तिले ठगी गरेको बताएको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूले शैक्षिक परामर्शदाताको अख्तियार पाएका कन्सल्टेन्सीहरूले जापानको रोजगारीमा डरलाग्दो ठगी भएको बताउँदै आएका थिए । ठगीमा आफूलाई गैरआवासीय नेपाली र समाजसेवी बताउने व्यक्तिहरू पनि संलग्न रहेको धेरैजसोले टिप्पणी गर्दै आएका छन् ।

विभागले त्यसको पुष्टि हुने गरी भनेको छ, 'जापानमा काम लगाइदिने आश्वासन दिएर विभिन्न प्रकारका भिसा तथा रोजगार सम्बन्धी कागजात बनाई व्यक्तिगत श्रम स्वीकृतिको आवेदन गरिदिने र चर्को शुल्क असुली गरेको गुनासोसमेत प्राप्त भएकाले वैदेशिक रोजगारी व्यवसाय सञ्चालन गर्ने अनुमति नभएका कोही कसैले यस्तो कानुन विपरीतको कार्य नगर्न-नगराउन सूचित गरिन्छ ।'

पछिल्ला दिनहरूमा जापानमा ट्रान्स्पोर्ट ड्राइभर क्यान्डिडेट भिसामा व्यक्तिगत श्रम स्वीकृतिका लागि निवेदन आउने गरेको भन्दै विभाग स्रोतले उक्त भिसाको प्रकृति जापानमा ड्राइभिङ परीक्षा पास गरेपछि आफ्नो प्रयासमा रोजगारी खोज्नुपर्ने भएकाले त्यस्तो भिसामा श्रम स्वीकृति नदिइने बताएको छ ।

त्यसैगरी विभागले वैदेशिक रोजगारीमा जापान जाने व्यक्तिहरूले समेत आफूलाई प्राप्त भएको भिसाको प्रकार, कन्ट्र्याक्ट अफ इम्प्लोइमेन्ट, करार सम्झौता, रोजगारदाता कम्पनी, संस्था सम्बन्धमा आधिकारिक जानकारी प्राप्त गरी श्रम स्वीकृतिका लागि आवेदन गर्न पनि आग्रह गरेको छ ।

जापानमा रोजगारीमा पठाइदिन भिसा लगाइदिन्छु भनी आश्वासन दिई वा जापानबाट रोजगारीसम्बन्धी करार सम्झौता वा भिसा आयो भनी रकम माग गरेमा वा जापानमा वैदेशिक रोजगारीमा पठाइदिने भनी चर्को शुल्क असुल गरेमा प्रमाणसहित विभाग वा अन्य सम्बन्धित निकायमा उजुरी गर्न पनि आग्रह गरेको छ ।

## युएईका...


आवेदन दिन माघ १९ गतेसम्मको अवधि तोकिएको छ ।

श्रम मन्त्रालयले काउन्सेलर श्रम तथा श्रम सहचारी छनोट तथा नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड २०७३ का आधारमा विदेशस्थित नेपाली कूटनीतिक नियोगमा रहने काउन्सेलर श्रम तथा श्रम सहचारी नियुक्त गर्ने गरेको छ ।

# मनाङमा एमाले र राप्रपाका उम्मेदवारले लिए उम्मेदवारी फिर्ता







**मनाङ/मस–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा हिमाली जिल्ला मनाङमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का उम्मेदवारले आ-आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् ।

एमालेका उम्मेदवार पोल्देन छोपाङ गुरुङ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार कुविर सिङ गुरुङले मनोनयन फिर्ता लिएका हुन् । मुख्य निर्वाचन अधिकृत रामप्रसाद पौडेलले उनीहरुले उम्मेदवारी फिर्ता लिएको बताए । अब कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवारबीच निर्वाचनमा मुख्य प्रतिस्पर्धा भएको छ । कांग्रेसले टेकबहादुर गुरुङ र नेपाली कम्युनिष्ट पार्टीले यशोदा सुवेदी गुरुङलाई उम्मेदवार बनाएको छ ।

# मधेश प्रदेश समन्वय परिषद् कतारको अध्यक्षमा कलाम



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ९ माघ

नेपालको दक्षिण पूर्वी क्षेत्रमा अवस्थित मधेश प्रदेशबाट कतारमा आइ बसोबास गरिरहेका नेपालीहरूको साझा सामाजिक संस्था मधेश प्रदेश समन्वय परिषद् कतारको दोस्रो अधिवेशन नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न भएको छ । खुल्ला र बन्द सत्र गरी दुई चरणमा सम्पन्न अधिवेशनको सर्लाही जिल्ला कौडेना गाउँपालिका ५ निवासी कलाम हुसेन खान अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् ।

शुक्रबार दोहाको फिरिज अब्दुल अजिजमा रहेको घरवा रेस्टुरेन्टको सभा हलमा सम्पन्न अधिवेशनबाट वरिष्ठ उपाध्यक्ष दुर्गा नन्द पासवान,उपाध्यक्षहरू क्रमशः मोहमद अजाद मन्सुरी, रमेश साह र दीपेन्द्र कुमार महरा, महासचिव इसिलाल पण्डित, सचिवहरू क्रमशः जीवन न्यौपाने, शम्भु प्रसाद यादव, प्रमोद कुमार राम, सुलेमान मियाँ, मोहमद इन्तिसार आलम, सह-कोषाध्यक्ष राम जित कामत केवट रहेका छन् ।

त्यस्तै परिषद्को कार्यसमिति सदस्यहरूमा लक्ष्मण शाह, विदुर बर्तौला, धर्मेन्द्र राउत कुर्मी, कमला परियार, अलि हैदर नदाफ, मोहमद रेजा कवारी, नाजिर नदाफ, रामनन्द राम, सोहल खान, रमजान हुसैन, अमताज हुसैन, नैन भुजेल, मोहमद मजिद, मोहमद जाबिर सिद्धकी रहेका छन् भने मोहमद अमिरुल राईन सदस्य तथा युवा संयोजकका रूपमा चयन भएका छन् ।

रमानन्द राम, विदुर बर्तौला, नैन भुजेल, लक्ष्मण साह, कमला परियार, अमताज हुसैन,रमताज हुसैन, सोहैल खान, मो.रेजा कवारी, नाजिर नदाफ अलि हैदर नदाफ रहेका छन् । निर्वाचित नयाँ कार्यसमितिलाई परिषद्का संरक्षक अध्यक्ष मोहमद शकिर अलि पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

परिषद्का अध्यक्ष मोहम्मद नियाज शेखको सभाध्यक्षता तथा गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरए एनसीसी) कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्यतामा सम्पन्न खुल्ला सत्रमा कतारमा स्थापित वैचारिक, सामाजिक, व्यावसायिक, सामुदायिक, साहित्यिक, संघसंस्थाहरूका प्रमुख, प्रतिनिधिहरूसहित समाजका अग्रज तथा बुद्धिजीवीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा संस्थामा विभाजन ल्याउने, पदका लागी मरिहत्ते गर्ने कार्य नगरी राजनीतिबाट टाढा राखेर सेवामुखी कार्यसम्पादनमा फोकस गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । तराईबाट विशेष गरी खाडीमा बढी श्रमिकहरू रहेको बताउँदै वक्ताहरूले कतारमा राजनितिक गतिविधि नबढाइ सामाजिक कार्यमा प्रतिबद्ध हुनुपर्ने बताएका थिए ।

तराईमा विशेष गरी देखिने धार्मिक विभेदको अन्त्य गर्न आवश्यक रहेको बताउँदै जबसम्म जातभात र घर्मको नाममा विभाजित भइरहन्छौं तबसम्म देशमा विकास नहुने धारणा राखेका थिए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै एनसीसी कतारका भूतपूर्व अध्यक्ष रमेश भट्टले एनआरएनए आइसीसीले एक मापदण्ड बनाउनुपर्ने र मापदण्डका आधारमा एनसीसीमा एकता हुने बताए ।

एनआरएनए महेश श्रेष्ठ र र बद्री केसीको नभएको बताउँदै एनआरएनए हाम्रो संस्था भएको हुँदा गुटउपगुट नलागी अगाडि बढ्नुपर्ने धारणा राखे ।

भट्टले आइसीसीमा एकता गर्ने तर दुई वटा समानान्तर एनसीसी रहेका देशका एनसीसीलाई खारेज गर्दै नयाँ एनसीसी निर्माण गर्नेतर्फ एनआरएनए लागेको आफूले बुझेको बताए ।

वैचारिक संगठनका वक्ताहरूले जेनजी आन्दोलनपछि बनेको सरकारका मन्त्रीहरूले पदबाट राजीनाम दिएर चुनावमा होमिनु जनतालाई धोका भएको धारणा राखेका थिए । देशमा नजिँकिएको चुनावको प्रत्यक्ष रूपमा हलमा परेको आभास हुन्थ्यो । प्रत्येक वैचारिक संगठनका प्रमुखले आफ्ना दलका लागि प्रत्यक्ष अप्रत्यक्ष मत सम्म माग्न सफल देखिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पन्थीले एनसीसी कतार र मधेश प्रदेशको सम्बन्ध प्रगाढ रहेको बताउँदै बोल्ने वक्ताहरू तथा स्टाटस लेख्दा कतारको कानुनको स्मरण गर्न आग्रह गरे ।

उनले व्यक्तिगत रूपमा वैचारिक विचार राखे पनि कतारको कानुनले नेपालीहरू आपसमा लडेको बुझ्ने हुँदा राजनीति गर्नै चाहाने हो भने नेपाल गएर गर्न सुझाव दिँदै सामाजिक संस्थामा राजनीति नगर्न सुझाव दिए । आफ्नो दैनिक कार्यब्यस्तताबाट बचेको समय समाजलाई दिइने हुँदा समाजमा खुराफाती नगर्न र कतारबाट भोट अपिल गर्न नमिल्ने हुँदा विचार राख्दा संयमित हुन आग्रह गर्दै यहाँको सम्बन्धित मन्त्रालयले हाम्रा गतिविधि नियाली रहेको बताए । पन्थीले मधेश भोट बैंक बनेको बताउँदै मधेश एक भएर परिवर्तनका लागि लाग्नुपर्ने बताए । उनले तराई र मधेश के हो त भन्ने बुझ्न जरुरी रहेको बताउँदै तराईमा विशेषत शिक्षा क्षेत्रको विकास अपरिहार्य रहेको बताए ।

प्रथम उपाध्यक्ष दुर्गानन्द पासवानले स्वागत मन्तव्य राखेको खुल्ला सत्रको समापन सभाध्यक्ष नियाजले गरेका थिए । महोत्तरी जिल्ला बलवा नगरपालिका वडा नं ९ निवासी नियाजले परिषदमा २ कार्यकाल नेतृत्व गरेका थिए । उनले दुवै कार्यकालमा गरी करिब साढे पाँच वर्ष परिषद्मा बिताएर नेतृत्व हस्तान्तरण गर्दा भावुक देखिए पनि खुसी व्यक्त गरे । दोहादेखि नेपालसम्म सक्रिय परिषद्को नयाँ कार्यसमितिले थप नयाँ योजनासहित अगाडि बढ्ने विश्वास व्यक्त गर्दै लामो समयको २ कार्यकाललाई सफल बनाउन साथ र हौसला दिने सबैप्रति कृतज्ञता प्रकट गरेका थिए ।

अधिवेशनमार्फत परिषद् मातहतका जिल्ला संस्था, कार्यसमितिका पदाधिकारीहरू, नैतिक भौतिक तथा आर्थिक सहयोग गर्ने व्यक्तित्वहरूसहित पत्रकारलाई समेत सम्मान गरिएको थियो ।

दोस्रो अधिवेशनलाई थप मनोरञ्जनात्मक बनाउन कतारमा रहेका केही कलाकार हरूले सांगीतिक प्रस्तुति दिएका थिए । मधेश प्रदेशभित्र आठ वटा जिल्ला रहेपनि कतारमा सिराहा जिल्लाका दुई वटा अलग अलग उद्देश्यका समितिसहित ५ वटा अन्य जिल्ला संस्था समावेश छन् । यद्यपी मधेश प्रदेशभित्र विभिन्न सामुदायिक, सांस्कृतिक र सामाजिक गरी करिब ३ दर्जन संस्थाहरु सक्रिय रहेका छन् ।

'मधेशीहरूको एकता, आजको आवश्यकता'भन्ने मूल नारासहित परिषद्को सन् २०२१ मा स्थापना भएको हो ।


# मध्यान्हलाई राष्ट्रपतिको शुभकामना
# 'लोकतन्त्र र पत्रकारिता एकअर्काका पूरक'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ

मध्यान्ह राष्ट्रिय दैनिकले आफ्नो प्रकाशन यात्राको २३ वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गरेको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलसहित सञ्चार क्षेत्रका विभिन्न निकाय र संस्थाले शुभकामना व्यक्त गरेका छन् ।

राष्ट्रपति पौडेलले शुभकामना सन्देशमा मध्यान्ह दैनिकले साढे दुई दशकदेखि सत्यतथ्य सूचना प्रवाहमा खेलेको भूमिका प्रशंसनीय रहेको उल्लेख गरेका छन् । लोकतन्त्र र पत्रकारिता एकअर्काका पूरक भएको उल्लेख गर्दै उनले प्रेस स्वतन्त्र, निष्पक्ष र उत्तरदायी हुनुपर्नेमा जोड दिएका छन् । राजनीतिक परिवर्तनपछि मुलुकको एजेन्डा आर्थिक समृद्धि र विकास भएको भन्दै त्यस यात्रामा नेपाली प्रेसको भूमिका अझ महत्वपूर्ण हुने विश्वास उनले व्यक्त गरेका छन् ।

राष्ट्रपति पौडेलले सूचना प्रविधिको तीव्र विकासको सन्दर्भमा दक्ष जनशक्ति र आधुनिक प्रविधिको प्रयोगमार्फत आमपाठकलाई विश्वसनीय सूचना प्रदान गर्न मध्यान्ह दैनिकलगायत



सञ्चारमाध्यमले अझ प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्दै २४औं वार्षिकोत्सवको सफलताको कामना गरेका छन् ।

यसैगरी विज्ञापन बोर्डका कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाईंले विज्ञापन बजारको संकुचन र प्रविधिगत परिवर्तनका चुनौतीबीच पनि मध्यान्ह दैनिकले आफूलाई अझ सशक्त र प्रभावकारी बनाउँदै भविष्यको गन्तव्य तय गर्न सफल हुने विश्वास व्यक्त गरेका छन् । सीमित विज्ञापन बजार र पुँजी अभावका बीच सञ्चारमाध्यमहरूले गम्भीर चुनौती व्यहोर्दै आएको उल्लेख गर्दै उनले सञ्चार क्षेत्रभित्रकै सहकार्य र समन्वयको आवश्यकता औंल्याएका छन् ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यले संघीय राजधानीबाट नियमित रूपमा प्रकाशित मध्यान्ह राष्ट्रिय दैनिकले राष्ट्रिय 'क' वर्गको पहिचानसहित सत्य, तथ्य, निष्पक्ष र जिम्मेवार पत्रकारितालाई निरन्तरता दिँदै आएको भन्दै प्रशंसा गरेका छन् । नागरिकको सुसूचित हुने अधिकारलाई समृद्ध बनाउन पत्रिकाले अझ योगदान पुगोस् भन्ने कामना उनले गरेका छन् ।

नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले पनि मध्यान्ह दैनिकको निरन्तरता आफैंमा महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै सीमित विज्ञापन बजार, सामाजिक सञ्जालको अनियन्त्रित प्रभाव र व्यावसायिक दबाबका बीच पनि पहिचान र विश्वसनीयता जोगाइराख्नु चुनौतीपूर्ण भएको बताएकी छन् । स्वतन्त्र, सुरक्षित र उत्तरदायी पत्रकारितामार्फत लोकतन्त्र सुदृढ गर्न मध्यान्ह दैनिकले आफ्नो यात्रालाई अझ मजबुत बनाओस् भन्ने अपेक्षा उनले व्यक्त गरेकी छन् ।

२३ वर्षको लामो यात्रापछि २४औं वर्षमा प्रवेश गरेको मध्यान्ह दैनिकले सत्यतथ्य, विश्वसनीय र जिम्मेवार पत्रकारितामार्फत नागरिकलाई सुसूचित गर्ने अभियानलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ ।

# सुरक्षा चुनौती सामनामा सशस्त्र प्रहरीको भूमिका स्मरणीय छ : प्रधानमन्त्री

**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले राष्ट्रको सार्वभौमिकता, स्वाधिनता र भौगोलिक अखण्डताको रक्षा एवं सीमा सुरक्षा, विपद् व्यवस्थापन तथा नागरिक सुरक्षामा सशस्त्र प्रहरी बलले निर्वाह गर्दै आइरहेको भूमिका प्रसंशनीय रहेको बताएकी छन् ।




सशस्त्र प्रहरी मुख्यालय हलचोकमा शुक्रबार आयोजित २५औं सशस्त्र प्रहरी दिवस तथा रजत महोत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले चुनौतीपूर्ण परिस्थितिमा पनि अनुशासन, निष्ठा, पेसागत कौशल र उच्च व्यावसायिकताका साथ राष्ट्रसेवामा निरन्तर खटिनु सशस्त्र प्रहरीको परिचय बनेको बताइन् ।

'देशमा चलेको सशस्त्र द्वन्द्वदेखि पछिल्ला दशकमा पूर्वी पहाड, तराई तथा अन्य संवेदनशील क्षेत्रमा देखिएका सुरक्षा चुनौतीहरूको सामना गर्न सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिका स्मरणीय छ', प्रधानमन्त्री कार्कीले भनिन् । सीमामा खटिएर राष्ट्रिय भूगोलको रक्षा गर्नुका साथै राजस्व सङ्कलनमार्फत राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउन सशस्त्र प्रहरीले पुऱ्याउँदै आएको योगदान उल्लेखनीय रहेको उनको भनाइ छ ।

'कठिन भौगोलिक अवस्था, जोखिमपूर्ण कार्यक्षेत्र र प्रतिकूल परिस्थितिमा पनि निष्ठाका साथ राष्ट्रसेवामा समर्पित रहनु यस बलको विशेष पहिचान हो'प्रधानमन्त्री कार्कीले भनिन्,' सशस्त्र प्रहरीले प्रदर्शन गरेको साहस, सौर्य र पेसागत निष्ठाले नै सङ्गठनलाई जनताको भरोसायोग्य सुरक्षा निकायका रूपमा स्थापित गरेको छ ।'

विगतका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सशस्त्र प्रहरीले खेलेको भूमिकाको प्रसंशा गर्दै प्रधानमन्त्री कार्कीले सम्भावित सुरक्षा चुनौतीको सुक्ष्म अध्ययन गरी उच्च सतर्कता र व्यावसायिकताका साथ आसन्न निर्वाचनलाई सफल बनाउन निर्देशन दिइन् ।

वर्तमान सङ्क्रमणकाल अन्त्य गरी मुलुकमा दिगो स्थायित्व कायम गर्न नेपाल सरकारले सम्पूर्ण शक्ति लगाएको उल्लेख गर्दै उनले सम्पूर्ण सुरक्षा निकायबीच आवश्यक समन्वय र सहकार्य गरी निर्वाचन सफल पार्नुपर्ने बताइन् । प्रधानमन्त्री कार्कीले बदलिँदो सुरक्षा चुनौती, प्रविधिको विकास र नागरिकको अपेक्षालाई ध्यानमा राख्दै सशस्त्र प्रहरीलाई अझ सक्षम, पारदर्शी, मानव अधिकारमैत्री र जनमुखी सुरक्षा निकायका रूपमा विकास गर्नुपर्नेमा जोड दिइन् ।

# नवलपरासी क्षेत्र २ स्वतन्त्र र दलले पाए चुनाव चिह्न विनोद

**निगम/ मध्यान्ह**
नवलपरासी, ९ माघ

पश्चिम नवलपरासी क्षेत्र नम्बर-२ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयन दर्ता गराएका स्वतन्त्र तथा विभिन्न राजनीतिक दलका उम्मेदवारले आ-आफ्ना चुनाव चिन्ह प्राप्त गरेका छन् ।

निर्वाचन कार्यतालिकाअनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएसँगै शुक्रबार चुनाव चिन्ह वितरण गरिएको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार उक्त निर्वाचन क्षेत्रमा कुल २९ जना उम्मेदवार अन्तिम सूचीमा कायम भएका छन् । तीमध्ये १२ जना स्वतन्त्र उम्मेदवार रहेका छन् भने बाँकी उम्मेदवार विभिन्न



राजनीतिक दलका तर्फबाट प्रतिस्पर्धामा छन् ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार स्वतन्त्र उम्मेदवारलाई उनीहरूले छनोट गरेको प्राथमिकताका आधारमा चुनाव चिन्ह प्रदान गरिएको हो । स्वतन्त्र उम्मेदवारहरूले प्राप्त गरेका चुनाव चिन्हमा गिटार, टायर, जीप, ढिँकी, कैंची, हेल्मेट, त्रिभुज, आप, क्यामेरा, ग्यास चुलो, मुढा र चेसगोटी रहेका छन् ।

निर्वाचन नजिकिँदै जाँदा उम्मेदवारहरूले आ-आफ्ना चुनाव चिन्हसहित प्रचार-प्रसारलाई तीव्र बनाउने तयारी गरेका छन् ।

निर्वाचन आयोगले निष्पक्ष, शान्तिपूर्ण र मर्यादित रूपमा निर्वाचन सम्पन्न गर्न सबै उम्मेदवार तथा सरोकारवालालाई आग्रह गरेको छ ।

निर्वाचन कार्यतालिकाअनुसार अब उम्मेदवारहरूले तोकिएको आचारसंहिताको पालना गर्दै चुनावी प्रचार-प्रसार गर्नुपर्नेछ । प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा नवलपरासीमा चुनावी गतिविधि थप चहलपहलपूर्ण बन्दै गएको छ ।

# नक्कली कर्मचारी नियन्त्रणमा

**काठमाडौं/मस–**गृह मन्त्रालयको शाखा अधिकृत हुँ भनी नक्कली कर्मचारी परिचयपत्र देखाएर अन्य व्यक्तिको व्यक्तिगत तथ्यांक लिन खोज्ने नक्कली अधिकृतलाई अध्यागमन विभागले नियन्त्रणमा लिएको छ । विभागका निर्देशक एवं प्रवक्ता टीकाराम ढकालले उक्त व्यक्तिलाई जिल्ला प्रहरी परिसर, भद्रकालीमा बुझाएको जानकारी दिए ।




नक्कली परिचयपत्र देखाउने व्यक्ति तनहुँका कृष जिसी रहेका छन् । आफूलाई सक्कली अधिकृतको परिचय दिन शुक्रबारको दिन उनी निजामती पोसाकमै आएका थिए । परिचयको क्रममा निजले आफू ब्याट-३७ को शाखा अधिकृत भएको र विगत चार महिनादेखि गृह मन्त्रालयको कर्मचारी प्रशासन शाखामा कार्यरत भएको बताएका छन् । उनका अनुसार विगत सात महिनादेखि गृह मन्त्रालयको अधिकृतको नक्कली परिचयपत्र देखाइ काठमाडौंको एउटा प्रतिष्ठित होटलसँग सम्पर्क बढाइएको बुझिन्छ । एक महिलाले होटलका व्यवसायीलाई ठगी गरेर फरार भएकाले होटलका बाउन्सरले गृहका तीनै नक्कली अधिकृतसँग पैसा असूली गरिदिन सहयोग मागेका थिए । नक्कली अधिकृत उक्त होटलका बाउन्सरलाई लिएर अध्यागमन विभागमा आएका थिए । उनले यसरी ठगी गर्ने महिलाको वैदेशिक भ्रमण रोक्का गरी अध्यागमनको कालोसूचीमा राखिदिने प्रलोभन देखाएका थिए । विभागमा उपस्थित भएपछि उक्त महिलाको नाम देखाएर निजको राहदानी र नागरिकताको प्रतिलिपि माग गरेका थिए । उनले निजलाई कालोसूचीमा राखिदिनसमेत अनुरोध गरेका थिए । नक्कली अधिकृतले यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको शाखा अधिकृतको परिचयपत्रसमेत लिएको खुलेको छ । अध्यागमन विभागको इन्टेलीजेन्स र प्रशासन शाखामा सम्पर्क गरेका निजको परिचयपत्रमा कर्मचारी संकेत नं अस्वाभाविक देखिएको थियो । निजसँग आएका होटलका बाउन्सरलाई भने अध्यागमन विभागले सामान्य सोधपुछ गरेर छाडेको प्रवक्ता ढकालले बताए ।

# देशभरका निर्वाचन क्षेत्रबाट ४९ उम्मेदवारले लिए मनोनयन फिर्ता

**काठमाडौं/मस–**आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका विभिन्न निर्वाचन क्षेत्रबाट ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगले शुक्रबार आयोजना गरेको साप्ताहिक पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद भट्टराईले हालसम्म विभिन्न निर्वाचन क्षेत्रबाट आयोगको प्रणालीमा प्राप्त जानकारीअनुसार ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको जानकारी दिए । यससम्बन्धी थप जानकारी आउनेक्रम जारी रहेको उनले बताए ।

उम्मेदवारी दर्तादेखि फिर्ता लिनेसम्मका निर्वाचन कार्यक्रम शान्तिपूर्ण र उत्साहजनक रुपमा भएको आयोगले जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको पनि नामावली प्रकाशन गरी माघ १० गतेसम्म दाबी विरोधको समय दिइएको प्रवक्ता भट्टराईले जानकारी दिए ।

समानुपातिक प्रणालीका लागि राजनीतिक दलले गत पुस १३ र १४ गते बन्दसूची पेस गरेका थिए । माघ १० गते शनिबार समानुपातिकतर्फको दाबी विरोध सकिएपछि अन्तिम नामावली प्रकाशन गरिने त्यस अवसरमा जानकारी दिइयो ।

प्रत्यक्ष निर्वाचनतर्फको अन्तिम नामावली आज देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयमार्फत प्रकाशन गरिएको आयोगले जनाएको छ ।

शुक्रबार ४ बजेदेखि ७ बजेसम्म ती कार्यालयमा दलका तर्फबाट र स्वतन्त्र रुपमा उम्मेदवारी दर्ता गरेका सबै उम्मेदवारलाई निर्वाचन चिन्ह




प्रदान गरिने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

समानुपातिकतर्फको डेढ करोड मतपत्र छपाइ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ डेढ करोड मतपत्र छपाइ सम्पन्न भएको छ । अब ५० लाख मतपत्र छपाइ बाँकी रहेको निर्वाचन आयोगले जनाएको हो ।

यही माघ २ गतेदेखि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छापाखानामा मतपत्र छपाइ भइरहेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ भएलगत्तै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मतपत्र छपाइ सुरु गरिने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

मनोनयनपत्र दर्ता प्रयोजनका लागि एक प्रति मतदाता नामावली छपाइ गरी सबै जिल्लामा पुऱ्याइसकिएको पनि उनले बताए । अन्य तीन प्रति मतदाता नामावली भने आयोग परिसरमा छपाइ भइरहेको आयोगले जनाएको छ ।

निर्वाचन आचारसंहिता पालना गर्न आह्वान आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्न आह्वान गरिएको छ ।

नेपाल मानव अधिकार संगठनका अध्यक्ष इन्द्रप्रसाद अर्याल र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष विजयराज गौतमद्वारा जारी विज्ञप्तिमा आगामी निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन निर्वाचन आचारसंहिताको प्रभावकारी पालना गर्न आह्वान गरिएको हो । निर्वाचनमा संलग्न सबै सरोकारवाला, राजनीतिक दल, उम्मेदवार, सरकारी निकाय, सुरक्षाकर्मी, सञ्चारमाध्यम तथा मतदातालाई निर्वाचन आचारसंहिता अक्षरशः पालना गर्न आह्वान गरिएको हो । 'स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन नै लोकतन्त्र सुदृढीकरणको आधार हो', विज्ञप्तिमा भनिएको छ, ' अभियानले निर्वाचनलाई स्वच्छ र विश्वसनीय बनाउन निरन्तर निगरानी, सहकार्य र नागरिक सचेतनामा सक्रिय रूपमा लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौं ।'

सुरक्षा निकायलाई निर्वाचन अवधिभर शान्तिसुरक्षा कायम गर्न निष्पक्ष र व्यावसायिक भूमिका निर्वाह गर्न तथा सञ्चारमाध्यमलाई जिम्मेवार, तथ्यपरक र सन्तुलित समाचार सम्प्रेषण गर्न आग्रह गर्दै मतदातालाई पनि कुनै पनि किसिमको प्रलोभन, दबाब वा गलत सूचनाबाट प्रभावित नहुन र आफ्नो मताधिकार स्वतन्त्र रूपमा प्रयोग गर्न अनुरोध दुई संस्थाले गरेको हो ।

'निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो, निर्वाचन प्रक्रियामा हुने हिंसा, डरत्रास, मतदाता प्रलोभन, सरकारी स्रोतसाधनको दुरुपयोग, घृणात्मक अभिव्यक्ति, गलत सूचना तथा सामाजिक सञ्जालको दुरूपयोगले निर्वाचनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाउँछ', विज्ञप्तिमा भनिएको छ,'यस्ता गतिविधिलाई रोक्न निर्वाचन आयोगद्वारा जारी आचारसंहिता सबैका लागि बाध्यकारी हुनुपर्दछ ।'

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान राजनीतिक दल र उम्मेदवारलाई शान्तिपूर्ण, मर्यादित र मुद्दा केन्द्रित चुनावी प्रतिस्पर्धा गर्न आग्रह गर्दै निर्वाचन आयोगलाई आचारसंहिता कार्यान्वयनमा थप प्रभावकारी भूमिका निर्वाह गर्न तथा उल्लंघनका घटनामा निष्पक्ष र कडाइका साथ कारबाही गर्न अनुरोधसमेत गरिएको छ ।

'निर्वाचनका सम्पूर्ण प्रक्रिया हामीले नजिकबाट अवलोकन गरिरहेका छौं, मनोनयन क्रममा देखिएको उत्साह र जनसहभागिता प्रशसंनीय छ', विज्ञप्तिमा भनिएको छ, 'तर केही स्थानमा देखिएको तडकभडक र उत्तेजक गतिविधि आचारसंहिताविपरीत देखिएकाले सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउन चाहन्छौं ।'

# सवारी दुर्घटनामा दुई जना युवकको मृत्यु



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट ९ माघ

रौतहट जिल्लाको राजदेवी नगरपालिकामा शुक्रबार भएको सवारी दुर्घटनामा दुई जना युवकको मृत्यु भएको छ । राजदेवी नगरपालिका वडा नम्बर-१ स्थित श्री माध्यमिक विद्यालय पथरा अगाडि गौर-पिपरा सडक खण्डमा दुई वटा मोटरसाइकल एकापसमा ठोक्किँदा उक्त दुर्घटना भएको हो ।

प्रत्यक्षदर्शीका अनुसार तीव्र गतिमा रहेका दुवै मोटरसाइकल अनियन्त्रित भइ एकआपसमा ठोक्किएका थिए । दुर्घटनाको तीव्रताका कारण एक जना चालकको घटनास्थलमै मृत्यु भएको थियो भने अर्का गम्भीर घाइते युवकको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा ज्यान गुमाउनेहरूमा दुर्गाभगवती गाउँपालिका वडा नम्बर-२ निवासी अशोक महतो र राजदेवी नगरपालिका वडा नम्बर-२ निवासी राजेन्द्र महतोका छोरा अन्दाजी २९ वर्षीय अरविन्द महतो रहेका छन् । अशोक महतोले बीआर ३० एएफ २३७० नम्बरको भारतीय नम्बर प्लेटको मोटरसाइकल चलाइरहेका थिए भने अरविन्द महतोले प्र.०२-०३-०१८ प २३४६ नम्बरको नेपाली नम्बर प्लेटको मोटरसाइकल चलाइरहेका थिए । दुर्घटनामा मोटरसाइकलमा सवार अन्य व्यक्ति पनि घाइते भएको आशंका गरिएको छ । घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको भए पनि विस्तृत विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ । घटनास्थलमा पुगेको प्रहरी टोलीले मुचुल्का तयार गरी आवश्यक अनुसन्धान सुरु गरेको छ ।

**लेटाङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लेटाङ, मोरङ**
**कोशी प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आसयको सार्वजनिक सूचना सच्याइएको सम्बन्धमा**

**सूचना प्रकाशित मितिः २०८२/१०/१०**

प्रस्तुत विषयमा मिति २०८२/१०/०८ गतेको बोलपत्र स्वीकृत गर्ने आसयको सार्वजनिक सूचनाको क्र.सं. २ को ठेक्का नम्बर LM/MOR/NCB/W/2082-83/06 को Interlock Paving work in front of Ward – 4 योजना हुनुपर्नेमा अन्यथा भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शशि राई**
**प्रमुख प्रशासकीय अधिकृत**

पुस्तक समीक्षा

# कायरा : परिभाषा तोड्ने किशोरीको कथा

*कायरा एउटा सुन्दर र उद्देश्यप्रति सचेत उपन्यास हो । यस उपन्यासले समाजको यथार्थलाई कलात्मक रूपमा व्याख्या गर्दै समकालीन सामाजिक कथालाई प्रस्तुत गरेको छ ।*



■ रत्नप्रसाद अनामणि श्रेष्ठ

प्रारम्भिक बालविकासको क्षेत्रमा दुई दशक लामो अनुभव सँगालेकी सविता खनाल बालविकाससम्बन्धी महत्वपूर्ण शैक्षिक सामग्री निर्माणमा स्थापित नाम हो । समाजशास्त्रमा स्नातकोत्तर खनालले बालबालिकासम्बन्धी थुप्रै पाठ्यपुस्तक तथा हाते पुस्तिकाहरू लेखेकी छन् । विशेषतः बाल-मनोविज्ञान, नैतिक शिक्षा र 'युनिभर्सल गुडनेस-५' (यूजी-५)को प्रवर्द्धनमा उनका सिर्जनाहरूले बालबालिकामा सकारात्मक व्यवहारिक परिवर्तन ल्याउन प्रेरणा दिएका छन् । उनका लेखहरू देशका प्रतिष्ठित सञ्चारमाध्यममा निरन्तर प्रकाशित हुँदै आएका छन् । हालै उनको उपन्यास 'कायरा' बजारमा आएको छ ।

पकेट बुक साइजमा प्रकाशित उपन्यास कायराले विद्यालय तहमा चाहिने लैंगिक शिक्षा र मानसिक परामर्शलाई उच्च प्राथमिकताका साथ उठाएको छ । लेखिकाले यस उपन्यासलाई 'केटीको परिभाषामा नअटाएकी केटीको कथा' भनेकी छन् । यस अर्थमा, कायरा समाजले निर्माण गरेको परिभाषाभन्दा फरक भावना बोकेकी किशोरीको कथाका रूपमा प्रस्तुत उपन्यास हो । उपन्यासकी मुख्य पात्र कायरा समाजले अपेक्षा गरेको ढाँचाभन्दा भिन्न केटीका रूपमा उपस्थित छिन् । अल्केमी पब्लिकेसन्स, काठमाडौंले प्रकाशन गरेको यो उपन्यास जम्मा ८८ पृष्ठको भए पनि यसले बृहत् कथ्य समेट्ने प्रयास गरेको देखिन्छ ।

नेपाली साहित्यलाई मुख्यतः चार विधामा विभाजन गरिएको छ- कविता, आख्यान, नाटक र निबन्ध । कविता फुटकर कविता, खण्डकाव्य र महाकाव्यमा विभाजित छन् भने नाटकमा एकांकी र पूर्णांकी पर्दछन् । निबन्धअन्तर्गत प्रबन्ध, निबन्ध, नियात्रा, संस्मरण र जीवनी पर्दछन् । यसैगरी आख्यान विधाअन्तर्गत कथा, उपन्यास र लघुकथा पर्दछन् । आख्यान विधाभित्र पर्ने उपन्यास नेपाली साहित्यको पछिल्लो तर सशक्त विधा हो ।

नेपाली साहित्यमा उपन्यासको विकास र विस्तार तीव्र रूपमा भएको पाइन्छ । उपन्यासलाई विभिन्न विद्वान्, विचारक र समालोचकहरूले आ-आफ्नै मान्यता र शैलीमा परिभाषित गरेका छन् । ती सबै परिभाषालाई समेट्दा उपन्यास भनेको जीवनका समग्र पक्षहरूको कलात्मक चित्रण गरिएको, अनेकौं परिच्छेदमा विभाजित आख्यानात्मक कृति हो । व्यक्तिको जीवन, पात्र, परिवेश, घटना र चरित्रलाई कलात्मक ढंगले आख्यानीकरण गर्दै प्रस्तुत गर्नु नै उपन्यास हो । यही सिद्धान्तका आधारमा उपन्यास कायराको चर्चा गर्न सकिन्छ ।




कायरा एउटा सुन्दर र उद्देश्यप्रति सचेत उपन्यास हो । यस उपन्यासले समाजको यथार्थलाई कलात्मक रूपमा व्याख्या गर्दै समकालीन सामाजिक कथालाई प्रस्तुत गरेको छ । उपन्यासमा आवश्यक तत्वहरू- कथावस्तु, पात्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र शैलीप्रति उपन्यासकार सचेत देखिन्छिन् ।

उपन्यासलाई विभिन्न शीर्षकसहित भागहरूमा विभाजन गरिएको छ । पहिलो भाग 'कक्षामा रक्सी'मा मुख्य पात्र कायराले साथीहरूको लहैलहैमा आफू पढ्ने विद्यालयमा एक बोतल बियर झोलामा बोकेर लगेको प्रसंग छ । शिक्षकले थाहा पाएपछि कारबाहीका लागि प्रधानाध्यापकको कक्षमा पुऱ्याइएको घटना यस भागमा वर्णित छ । दोस्रो भाग 'रेस्टिकेट'मा उक्त घटनाका कारण चार जना छात्रालाई एक हप्ताका लागि निलम्बन गरिएको प्रसंग आउँछ । तेस्रो भाग 'किशोरी मन'मा कायराकी आमा (जो स्वयं प्रधानाध्यापक तथा मनोवैज्ञानिक परामर्शदाता हुन्)ले छोरीको किशोरी मनोविज्ञान बुझ्ने प्रयास गरेकी छन् । चौथो भाग 'नयाँ स्कुल' मा कायरालाई नयाँ विद्यालयमा भर्ना गर्ने निर्णय लिइएको छ । पाँचौं भाग 'केटा जस्ती' मा नयाँ विद्यालयमा पनि कायरालाई उही 'केटा जस्ती' भनिएको प्रसंग छ ।

छैटौं भाग 'आफू जस्तो आफैं'मा कायराले जे आफूमा छ त्यसैलाई स्वीकार गर्ने चाह र भावना राखेको कुरा व्यक्त भएको छ । सातौं भाग 'एसईई परीक्षा'मा समकालीन परिवेशमा नारी सशक्तीकरणको अर्थबारे कायराले नेपाली विषयमा सशक्त निबन्ध लेखेको प्रसंग छ । उपन्यासकारले यस उपन्यासमा आफूलाई मन परेको विद्यार्थीलाई धेरै नम्बर दिने र मन नपरेको विद्यार्थीलाई कम नम्बर दिने शिक्षकहरूको मानसिकतालाई पनि प्रश्न गरेकी छिन् ।

आठौं भाग 'फुर्सद र नतिजा'मा कायरा जिपिए ४.० सहित विद्यालयकै उत्कृष्ट छात्रा बनेको उल्लेख छ । नवौं भाग 'अर्को मोड' मा मुख्य पात्रले कलेज जीवन र किशोर-किशोरीमा लैंगिक पहिचानसम्बन्धी केस स्टडी प्रस्तुत गरेको कुरा उल्लेख छ । दशौं भाग 'नयाँ बिहान' मा कायरा अमेरिकन युनिभर्सिटी अफ क्यालिफोर्नियाबाट स्नातक तथा स्नातकोत्तर अध्ययन गरी मनोचिकित्सा र समलैंगिक मानसिक स्वास्थ्यलाई गहिरो गरी बुझ्न खोजेको प्रसंग आउँछ ।

एघारौं भाग 'साथीसँग विदाइ' र बाह्रौं भाग 'पुनरागमन'मा कायरा सात वर्ष सात महिना सत्र दिनको विदेश बसाइपछि 'एक डिग्री, एक दृष्टि र एक उद्देश्य' बोकेर स्वदेश फर्किएको कथ्य छ । तेह्रौं भाग 'पुरानै स्कुल', चौधौं भाग 'आशासँगै उत्साह' र पन्ध्रौं भाग 'परिभाषा पर्खाल तोड्दै' उपन्यासका मुख्य मोडहरू हुन् । यी सबै पक्षको गहिरो अनुभूति गर्न उपन्यास स्वयं पढ्नैपर्छ । यस उपन्यासले नेपाली समाजमा खासै बहस नभएको लिंगको परिभाषा सम्बन्धित मान्यताका चौतर्फी आयामलाई गहिरो ढंगले उठाएको छ । मजबुत मानसिक स्वास्थ्य, समानतामा आधारित लैंगिक पहिचान, विभेदको अन्त्यसँगै सहानुभूतिको आलोकमा फूल्ने जीवनको परिभाषा तथा समावेशी समाज निर्माणको सन्देशलाई उपन्यासकारले ध्यान दिइएको देखिन्छ ।

मलाई उपन्यासकारको भाषा एकदम सटिक लाग्यो । एक ठाँउमा उपन्यासकारको वर्णन छ -

> नेपाली सन्दर्भमा कम उठेको विषयवस्तु प्रस्तुत गरेर उपन्यासकारले प्रशंसायोग्य काम गरेकी छन् । कायरा सबै अभिभावक, विद्यार्थी, शिक्षकहरूले एकपटक पढ्नैपर्छ । अझ लैंगिक समानता खोज्नेहरूलाई त यो उपन्यास सिफारिस नै छ ।

'उहाँले मनमनै भन्नुभयो- 'मानिसलाई मानिसले सिकाउन नसकेका कैयन शिक्षाहरू समय र परिस्थितिले सिकाउन् भन्थे, हो रहेछ ।' ईश्वरप्रति यसरी आस्था जागेको देखेर भित्रैदेखि खुशी लागे पनि छोरीलाई असहज नहोस् भनेर उहाँले त्यो दृश्य नदेखेजस्तै गर्नुभयो ।' *(सविता खनाल, कायरा, पृ. २५)*

